# ८

# विभिन्न संस्कार र संस्कृतिहरुको माझमा सुसाचार सुनाउने निकायहरु

*यस अध्यायका मूल पदहरू:* यूहन्ना ४:४-३०, मत्ती ८:५-१३, मर्कूस ५:१-२०, मत्ती १५:२१-२८, लूका १७:११-१९, यूहन्ना १२:२०-३२।

*स्मरण गर्नुपर्ने मूल पद:* **"मेरा सेवक यही हो। मैले उनलाई नियुक्ति गरेको छु। उनलाई म प्यार गर्छु। उनीदेखि म अत्यन्त प्रशन्न छु। मेरो आत्मा तथा जोश उनमाथि राख्नेछु। सबै थोक ठिक पारिनेछ भनेर सारा राष्ट्रहरूलाई उनले घोषणा गर्नेछ" (मत्ती १२:१८ रूपान्तरित)।**

**येशूले आफ्नो सुरूको जीवन धेरैजसो गलिलमा बिताउनुभएको कुरा हाम्रो निम्ति चासोको बिषय हो।** गलिल क्षेत्रलाई गैर-यहूदी अर्थात् अन्य जातिहरूको क्षेत्र भनेर कहलाइन्थ्यो। त्यस क्षेत्रमा अन्य जातिहरूको प्रभाव र उपस्थिति बढि भएकोले नै त्यसरी सम्बोधन गरिएको थियो। आफ्नो सार्वजनिक सेवाकार्य सुरू गर्नुभन्दा पहिले त्यस क्षेत्र र नाजरथमा येशूले धेरै वर्ष बिताउनुभएको थियो। नाजरथ यस्तो ठाउँमा रहेको थियो कि जसको नजिकबाट रोमन सैनिक र व्यापारी लस्करहरू जाँदथे। त्यसले गर्दा नाजरथ अत्यन्त महत्त्वपूर्ण यात्रामार्गसँग जोडिएको गाउँ हुनगएको थियो। त्यसले गर्दा येशूको सम्पूर्ण जीवन अन्य जातिहरूको सम्पर्कमा आएको हुनसक्छ। (उहाँ जन्मेको लगत्तैपछि अन्य जाति भएको देश इजिप्टमा आफ्नो बालककाल जीवन बिताउन बाध्य भएको थियो)।

आफ्नो गाउँ नाजरथमा आफू को हो भनेर घोषणा गर्दा त्यस गाउँका मानिसहरू उहाँदेखि रिसले चूर भएर उहाँको हत्या गर्न खोजेका थिए (लूका ४:१६-३०)। त्यसपछि येशू गलिल क्षेत्रमा रहेको कपरनुम शहरमा आफ्नो सेवाकार्यलाई केन्द्रित गर्नुभएको थियो। त्यहाँ उहाँले धेरै बिदेशी तथा अन्य जातिहरूसँग भेटघाट वा अन्तर्क्रिया गर्ने अवसर पाउनुभएको थियो। उहाँको सेवाकार्य र शिक्षाको बारेमा ती अन्य जातिहरूद्वारा तिनीहरूका देशहरूमा फैलाएका थिए। आफ्नो ध्यान इस्राएलमा केन्द्रित गरेपनि विश्वव्यापी आफ्नो लक्ष्यलाई आफ्नो

दिमागमा येशूले राख्नुभएको थियो। अन्य जाति वा विदेशीहरूसँग कमसेकम छ पल्ट येशूले भेट्नुभएको थियो भनेर नयाँ करारको पुस्तकमा उल्लेख गरेको छ। केही बिदेशी, अन्यजाति वा यहूदी जाति नभएका मानिसहरूसँग येशूको भेटघाटको बारेमा दिएका कथाहरू यस अध्यायमा नियाल्नेछौं।

## १. सामरी महिला (यूहन्ना ४:४-३०))

येशूको समयमा इस्राएल देश तिन प्रान्तहरूमा विभाजन गरिएको थियोः गलिली, सामरिया र यहूदा। सामरिया गलिली र यहूदाको बीचमा छ। सामरीहरूले पनि इस्राएलकै परमेश्वरको आराधना गर्थे तर यहूदिको चलन अनुसार उपासना गर्दैनथे। तिनीहरूले बिदेशबाट भित्राइएका देवीदेवताहरूलाई पनि पूजा गर्थे। मिसनको कामको सुरूमा सामरिया एकदम ठीक प्रान्त थियो किनकी यो इस्राएलको नजिककैको छिमेकी प्रान्त थियो।

एक दिन येशू त्यही सामरिया प्रान्त भएर आफ्नो चेलाहरूको साथमा जाँदै हुनुहुन्थ्यो। त्यसबेला उहाँले गैर-यहूदी अर्थात् अन्य जाति कहलाइएका सामरीहरूलाई परमेश्वरको बारेमा सिकाउनुभएको थियो। विशेष गरेर उहाँले एक महिलालाई परमेश्वरको बारेमा सिकाउनुभएको थियो। त्यस महिलालाई बोल्नु वा त्यो महिलाले अपरिचित यहूदी पुरुषसँग बोल्नु त्यसबेलाको संस्कारको बिपतरित थियो। यद्यपि, येशले त्यस संस्कारलाई तोड्नुभएको थियो किनभने सुसमाचार केवल यहूदीहरूको निम्तिमात्र होइन अरू जाति वा बिदेशीहरूको निम्ति पनि हो भनेर उहाँले प्रमाणित गर्न चाहनुभएको थियो। हेर्नुहोस् येशू र सामरी महिलासँग येशूको जम्का भेटको विवरण "१ यूहन्नाले भन्दा येशूले धेरै चेलाहरू बनाउँदैहुनुहुन्छ र बप्तिस्मा पनि दिँदैहुनुहुन्छ भन्ने फरिसीहरूले सुने। २ (वास्तवमा येशू आफैले त होइन, तर उहाँका चेलाहरूले बप्तिस्मा दिन्थे।) ३ जब येशूले यो थाहा पाउनुभयो, उहाँ यहूदिया छोड़ेर फेरि गालीलमा फर्कनुभयो।

४ उहाँलाई सामरिया भएर जानुपर्थ्यो। ५ र उहाँ सामरियाको सुखार भनिने नगरमा आइपुग्नुभयो। यो नगरचाहिँ याकूबले आफ्ना छोरा योसेफलाई दिएका जमिनको नजिकै पर्थ्यो। ६ त्यहाँ याकूबको इनार

थियो। येशू यात्राले थाक्नुभएको हुनाले त्यस इनारको छेउमा बसिरहनुभएको थियो। प्रायः मध्यान्ह भएको थियो। ७ एउटी सामरी स्त्री पानी भर्न त्यहाँ आई। येशूले त्यसलाई भन्नुभयो, "मलाई पानी पिउन देऊ।" ८ उहाँका चेलाहरू सहरमा खानेकुरा किन्न गएका थिए। ९ तब सामरी स्त्रीले उहाँलाई भनी, "तपाईं यहूदी भएर म सामरी स्त्रीको हातबाट कसरी पानी पिउनुहुन्छ?" (यहूदीहरूले सामरीहरूसँग केही सम्बन्ध राख्दैनन्।) १० येशूले त्यसलाई भन्नुभयो, "तिमीले परमेश्वरको वरदान र तिमीसँग पानी माग्ने व्यक्तिलाई चिनेकी भए तिमीले उसलाई माग्नेथियौ, र उसले तिमीलाई जिउँदो पानी दिनेथियो।" ११ त्यस स्त्रीले उहाँलाई भनी, "हजूर, तपाईंसित उघाउने भाँड़ो छैन, र इनार पनि गहिरो छ। तब तपाईंले कहाँबाट त्यो जिउँदो पानी ल्याउनुहुन्छ? १२ के तपाईं हाम्रा पुर्खा याकूबभन्दा ठूला हुनुहुन्छ? उनले हामीलाई यो इनार बनाइदिए, र उनी आफैले, उनका सन्तान र उनका गाईबस्तुले यही इनारको पानी पिए।" १३ येशूले त्यसलाई भन्नुभयो, "यो पानी पिउने प्रत्येक फेरि तिर्खाउनेछ, १४ तर जस-जसले मैले दिने पानी पिउँछ त्यो कहिल्यै तिर्खाउनेछैन। जुन पानी म त्यसलाई दिनेछु, त्यो त्यसमा अनन्त जीवनको निम्ति उम्रिरहने पानीको मूल बन्नेछ!" १५ त्यस स्त्रीले उहाँलाई भनी, "हजूर, मलाई त्यही पानी दिनुहोस्, र म तिर्खाउनेछैनँ, र यहाँ पानी भर्न आइरहनुपर्दैन" १६ येशूले त्यसलाई भन्नुभयो, "जाऊ, तिम्रो श्रीमान्लाई बोलाएर ल्याऊ।" १७ त्यस स्त्रीले भनी, "मेरो श्रीमान् छैन।" येशूले तिनलाई भन्नुभयो, "तिम्रो श्रीमान् छैन भनी तिमीले ठीकै भन्यौ, १८ किनभने तिम्रा पाँच जना श्रीमान् भइसकेका छन्, र जो अहिले तिमीसँग छ, त्यो तिम्रो श्रीमान् होइन। तिमीले यो साँचो भनेकी हौ।" १९ त्यस स्त्रीले उहाँलाई भनी, "हजूर, तपाईं अगमवक्ता हुनुहुन्छ भनी म थाहा पाउँछु। २० हाम्रा पुर्खाहरूले यस डाँड़ामा आराधना गरे, अनि तपाईंहरू भन्नुहुन्छ, कि आराधना गर्ने स्थान यरूशलेम हो।" २१ येशूले त्यसलाई भन्नुभयो, "ए नारी, मलाई विश्वास गर, त्यो बेला आउँदैछ, जब तिमीहरू न त यस डाँड़ामा, न यरूशलेममा पिताको आराधना गर्नेछौ। २२ तिमीहरू जे आराधना गर्दछौ सो जान्दैनौ। हामी जे आराधना गर्दछौं सो जान्दछौं, किनभने मुक्तिचाहिँ यहूदीहरूबाट आउँछ। २३ तर बेला आइरहेछ, र त्यो बेला अहिल्यै हो,

जब सच्चा आराधकहरूले पितालाई आत्मा र सत्यतामा आराधना गर्नेछन्। किनकि आराधना गर्ने यस्तै आराधकहरूलाई नै पिताले खोज्नुहुन्छ। २४ परमेश्वर आत्मा हुनुहुन्छ, र उहाँका आराधकहरूले आत्मा र सत्यतामा आराधना गर्नुपर्छ।" २५ त्यस स्त्रीले उहाँलाई भनी, "म जान्दछु, कि मसीह आउनुहुन्छ (जसलाई ख्रीष्ट भनिन्छ), र जब उहाँ आउनुहुन्छ, तब उहाँले नै हामीलाई सबै कुरा बताउनुहुनेछ।" २६ येशूले तिनलाई भन्नुभयो, "तिमीसँग बोल्ने, म उही हुँ।" २७ त्यति नै बेला उहाँका चेलाहरू आए, र उहाँलाई एउटी स्त्रीसँग कुरा गरिरहनुभएको देखेर छक्क परे, तर "तपाईं के चाहनुहुन्छ?" अथवा "तपाईं त्यस स्त्रीसँग किन बातचित गर्दैहुनुहुन्छ?" भनेर कसैले सोधेनन्। २८ तब त्यो स्त्री आफ्नो गाग्रो छोड़ेर नगरतिर गई, र मानिसहरूलाई भनी, २९ "आओ, एक जना मानिसलाई हेर, जसले मैले गरेका सबै काम मलाई बताइदिनुभयो। कतै उहाँ नै ख्रीष्ट त हुनुहुन्न?" ३० तब तिनीहरू नगरबाट निस्केर उहाँकहाँ गए।" (यूहन्ना ४:१-३०)।

आफ्ना सामरी जातिको इतिहास त्यस महिलालाई राम्रै थाहा थियो र उन्को बौद्धिक क्षमता कमसल थिएन। उनले चतुर वा तिक्ष्ण बुद्धिका प्रश्नहरू गरेकी थिइ। प्रश्नहरूको ओइरो बगाएर उनले येशूसँग बातचित गरेकी थिइ। उनका प्रश्नहरूको जवाफ येशूले चित्तबुझ्दो गरेर दिनुभएको थियो जसले गर्दा उनको आत्मिक ज्ञानलाई बढाउन सघाइएको थियो। आफ्नो श्रीमानलाई लिएर आउ भन्दाखेरिमात्र येशूले आफ्नो विषयवस्तु बदल्नुभएको थियो। उहाँलाई थाहा थियो कि उनी बिवाह गरेकी थिएनन् र उनी धेरै पुरूषहरूसँग रहेकी थिइन्। त्यस महिलालाई असहज लागेतापनि येशूले आफ्नो श्रीमान लिएर आउनु भनेर उनलाई अऱ्हाउनुहुँदा उहाँसँग दिल खोलेर बात गर्ने अवसर उहाँले उनलाई दिनुभएको थियो। उनको व्यक्तिगत जीवनमा चासो राखेर येशूले त्यस महिलासँग परमेश्वरको बारेमा अत्यन्त प्रभावकारी रूपमा साक्षी दिन सक्नुभएको थियो।

फेरि यूहन्ना ४:२७मा के भयो सो पनि पन्छाउनुहुन्न। त्यस अपरिचित र अन्य जाति महिलासँग यहूदी संस्कारको मेल नखाने गरि येशूले कुराकानी गरिरहनुहुँदा तिनीहरू तिन छक्क परेका थिए। यसमा येशूले यहूदीहरूको केही चलनचल्तीका संस्कारहरू यसरी तोड्नुभएको

थियोः (१) पानी नचल्ने कुजात कहिलाइएको सामरी जातको स्त्रीसँग उहाँले पानी माग्नुभएको थियो (२) उहाँ त्यस महिलासँग एक्लै थिए। यदि परिवारको सदस्य होइन भने कुनै पनि पुरुष अरू महिलासँग एक्लै हुनु यहूदी संस्कारको बिपरित थियो। जब उहाँ इस्राएलमा हुनुहुन्थ्यो तब उहाँले यहूदी चलनचल्ती अनुसार चल्नुभएको थियो। तर सामरियामा उहाँ यहूदी चलनचल्तीभन्दा बाहिर हुनुहुन्थ्यो। मानव नीतिनियमहरू र परमेश्वरको नीतिनियम वा व्यवस्थाको बीचमा कतिको भारी अन्तर छ भनेर येशूले देखाउनुभएको थियो भनेर हामीले अगाडि छलफल गरिसकेका छौं।

**सुसमाचार सुनाउन तपाईं आफ्नो सुरक्षित संस्कार वा क्षेत्रभन्दा कतिको बाहिर जान तपाईं तयार हुनुहुन्छ? सुसमाचार सुनाउनेको नाउँमा तपाईं कहाँसम्म तपाईं जानुपर्छ?**

## २. रोमी सिपाहीं हाकिम (मत्ती ८:५-१३)

**सुसमाचारको निम्ति संस्कार, संस्कृति वा जातिको जतिसुकै ठूलो खाल्डो वा भिन्नता भएतापनि तोडिन सक्छ भनेर मत्ती ८:५-१३ र लूका ७:१-१०ले कसरी हामीलाई सिकाउँदछ? हेर्नुहोस्: "५ येशू कफर्नहुममा पस्नुहुँदा एक जना कप्तान उहाँकहाँ आएर बिन्ती गर्न लागे। तिनले भने, ६ "हे प्रभु, मेरो नोकर पक्षाघातले साह्रै दुःख पाएर घरमा ओछ्यान परेको छ।" ७ उहाँले तिनलाई भन्नुभयो, "म आएर त्यसलाई निको पार्नेछु।" ८ तर कप्तानले भने, "हे प्रभु, तपाईंलाई मेरो घरमा स्वागत गर्ने योग्यको म छैनँ। तर वचन मात्र बोलिदिनुहोस्, र मेरो नोकर निको हुनेछ। ९ किनकि म पनि अधिकारीहरूका अधीनमा छु, अनि मेरो अधीनमा सिपाहीहरू छन्। म एक जनालाई 'जा" भन्छु, अनि त्यो जान्छ, र अर्कालाई 'आइज' भन्छु, अनि त्यो आउँछ। मेरो कमारालाई 'यसो गर' भन्छु, अनि त्यसले त्यो गर्छ।" १० तिनको कुरा सुनेर येशूले आश्चर्य मान्नुभयो, र उहाँको पछि आउनेहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, इस्राएलमा पनि यति ठूलो विश्वास मैले भेट्टाएको छैनँ। ११ म तिमीहरूलाई भन्दछु, पूर्व र पश्चिमबाट धेरै जना आउनेछन्, र अब्राहाम, इसहाक र याकूबसँग स्वर्गका राज्यको भोजमा**

बस्नेछन्। १२ तर राज्यका सन्तान बाहिरी अन्धकारमा फालिनेछन्। त्यहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन्।"
१३ तब येशूले कप्तानलाई भन्नुभयो, "जाऊ, जस्तो तिमीले विश्वास गरेका छौ, त्यस्तै तिमीलाई होस्।" अनि त्यो नोकर त्यही घड़ी निको भयो।" (मत्ती ८:५-१३)।, "१ आफ्ना सबै कुरा मानिसहरूलाई सुनाइसकेपछि उहाँ कफर्नहुममा प्रवेश गर्नुभयो। २ कुनै एक जना कप्तानको एक जना प्यारो कमारो थियो, जो बिरामी भएर मर्नै लागेको थियो। ३ जब येशूको बारेमा तिनले सुने, तब तिनको कमारालाई निको पारिदिनोस् भनी तिनले यहूदीहरूका धर्म-गुरुहरूलाई बिन्ती गर्न पठाए। ४ तिनीहरू येशूकहाँ आएर यसो भनेर उहाँलाई आग्रहपूर्वक बिन्ती गरे, "तिनी तपाईंको यो कृपा पाउने योग्यका छन्, ५ किनभने तिनले हाम्रो जातिलाई प्रेम गर्दछन्, र तिनले नै हाम्रो सभाघर बनाइदिएका हुन्।" ६ येशू तिनीहरूसाथ जानुभयो। कप्तानको घरको नजिकै उहाँ हुनुहुँदा, कप्तानले तिनका मित्रहरूलाई उहाँकहाँ यसो भनी पठाए, "हे प्रभु, दुःख नउठाउनुहोस्, किनकि तपाईं मेरो घरभित्र प्रवेश गर्नुहुने योग्यको म छैनँ, ७ मैले आफैलाई पनि तपाईंकहाँ आउने योग्यको ठानिनँ। तर वचन भनिदिनुहोस्, र मेरो चाकर निको हुनेछ। ८ किनकि म पनि अख्तियारमुनि बस्ने मानिस हुँ, अनि मेरो अधीनमा सिपाहीहरू छन्। म एउटालाई 'जा' भन्छु, अनि त्यो जान्छ, र अर्कालाई 'आइज' भन्छु, अनि त्यो आउँछ। मेरो कमारालाई 'यो गर' भन्छु, अनि त्यसले गर्छ।" ९ यो कुरा सुनेर येशू तिनीसँग आश्चर्यचकित हुनुभयो, र फर्केर आफूपछि आउने भीड़लाई भन्नुभयो, "म तिमीहरूलाई भन्छु, मैले इस्राएलमा पनि यस्तो ठूलो विश्वास देखेको छैनँ।" १० जब पठाइएका मानिसहरू घर फर्केर गए, तिनीहरूले त्यस कमारालाई निको भएको भेट्टाए।" (लूका ७:१-१०)।

रोमी कप्तानको मातहतमा सय जना सिपाहीँहरू हुन्थे। कपर्नहुममा एक जना अनामिका रोमी सिपाहीँले येशूलाई खोज्दै आएका थिए। आफ्नो देशमा रजाईं गरेका रोमी सिपाहीँहरूप्रति यहूदीहरूले अत्यन्त घृणा गर्दथे। त्यही अनुसार धेरै रोमीहरूले पनि यहूदीहरूलाई घृणा गर्दथे। त्यस राजनैतिक, सांस्कृतिक र जातिय विभाजनमा पनि

येशूले त्यस बिभाजनलाई पुर्नभएको थियो भनेर मत्तीमा उल्लेखित एक विवरणले देखाउँछ।

एक जना कप्तान यहूदीहरूका धर्मगुरू वा अगुवाहरूकहाँ गए भनेर लूका ७:३ले बताउँछ। आफ्नो सेवकलाई निको पार्न येशूलाई अनुरोध गर्न उक्त कप्तान तिनीहरूकहाँ गएका थिए। अचम्मको कुरो त यो छ तिनीहरूले त्यस कप्तानको अनुरोधलाई स्वीकारेर येशूकहाँ जान्छन् र उनको सेवकलाई निको पार्न उहाँसँग अनुरोध गर्छन्। खास गरेर ती अगुवाहरू को थिए त? ती पदहरूले भन्दैनन् तर अरू अगुवा वा धर्मगुरूहरूभन्दा तिनीहरू येशूप्रति सकारात्मक भएको देखाइन्छ।

अर्को अचम्मको कुरो त फेरि यो छ, त्यस रोमी कप्तानले येशूमाथि अगाढ विश्वास गरेका थिए। उनी विश्वासको मानिस थिए। येशूप्रति उनको श्रद्धा यस्तो थियो कि उनको घरमा उहाँ जान आफू अयोग्य भएको आफै नगइ आफ्ना सन्देशवाहककहरूलाई येशूकहाँ भेट्न पठाउँछन्। येशूको सामु उभिन पनि आफू अयोग्य भएको आभास् उनले दिँदछन्। उनले अनुरोध गरेर मानिसहरूलाई येशूकहाँ पठाउँछन् "केवल वोल्नुहोस् मात्रै। मेरो सेवक निको भइहाल्छ नी!"(लूका ७:६, मत्ती ८:८ रूपान्तरित)। आफूले येशूमाथि कतिको विश्वास रहेछ भनेर त्यस विदेशी वा अन्य जाति कहलाइएका रोमी हाकिमको आस्था ती यहूदीहरूको निम्ति चुनौतिपूर्ण नै थियो। "उक्त कप्तानले येशूलाई ती यहूदीहरूको उद्धारकर्ता वा मसीह भनेर उहाँले गर्नुभएको दावीलाई तिनीहरूले स्वीकार गरेपछिमात्र आफूले पनि स्वीकार गर्छु भनेर पर्खेन। यूहन्ना १:९ले स्पष्ट रूपमा बताएको अभिव्यक्ति त्यस रोमी हाकिमले प्रदर्शन गरेको देखाउँछ, जसमा लेखिएको छ "प्रत्येक मानिसलाई सत्य ज्योति वा आत्मज्ञान दिने यस संसारमा आएका थिए।" त्यस विदेशी वा अन्य जाति कहलाइएका रोमीको हृदयमा त्यस आत्मिक ज्योति चम्किएको थियो। परमेश्वरको पुत्रको महिमा अर्थात् उहाँको शक्ति र सौन्दर्यतालाई त्यस कप्तानले देखेका थिए।"- एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ३१७बाट रूपान्तरित।

यहूदी धर्मको बारेमा त्यस रोमी हाकिमले बुझेका थिए र त्यसलाई उनले सम्मान गर्थे। यहूदी धर्मको संस्कारलाई पनि उनले बुझेका थिए। बिदेशी वा अन्य जातिको घरमा कुनै पनि यहूदी जान

यहूदी धर्मको व्यवस्था अर्थात् संस्कारको बिपरित थियो भनेर उनलाई थाहा थियो। त्यसकारण उनले येशूलाई टाडैबाट आफ्नो सेवकलाई निको पार्न अनुरोध गरेका थिए। उनको विश्वास तथा आस्थाको कारण त्यस सेवक निको भएको थियो। विदेशी वा अन्य जाति वा अछुत कहलाइएका जातिको विश्वासलाई येशूले पुरस्कृत गर्नुभएको थियो। यहूदी पूर्खा र अगुवाहरूसंग (जस्तै अब्राहम र मोशा) उद्धारकर्ता वा मसीहको हुने महाभोजमा सारा संसारका विभिन्न जातका मानिसहरू सरिक हुनेछन् भनेर देखाउन त्यस कप्तानको अनुकरणीय विश्वास एक प्रतिकको रूपमा रहनेछ भनेर सार्वजनिक गर्दै येशूले औंल्याउनुभएको थियो।

येशूले निको पार्नुभएको ती दुई विवरणहरूबाट हामीले धेरै पाठहरू सिक्नसक्छौं। यहूदी र गैर-यहूदी अर्थात् अछुत वा अन्य जाति कहलाइएका रोमीहरूको बीचमा भएको गहिरो संस्कृतिक खाल्डोले येशूले गर्दा अलग राखिएन। हामीहरूले असल विवेकलाई आत्मसात् गरेर अरूलाई सुसमाचार सुनाउन कुनै पनि संस्कार वा संस्कृतिले अलग राखिनुहुन्न भनेर येशूको जीवनमा घटेका ती घटनाहरूले कसरी देखाउँछन्?

## ३. सैतानका दुष्ट आत्माहरूसँग मुकाविला (लूका ८:२६-३९)

यहूदीहरूबाट तिरस्कृत अन्य जातिहरूसँग येशूले खुलमखुला अन्तर्क्रिया गर्नुभएको थियो। सैतानको आत्माले पिरोलेका मानिस र कनानी स्त्रीसँग येशूले देखाउनुभएको व्यवहारले यहूदी जाति नभएकाहरूलाई पनि परमेश्वरको प्रेमको कतिको खाँचो छ र तिनीहरूको निम्त उपलब्ध छ भनेर चेलाहरूले बुझ्न पाएका थिए। कनानी स्त्रीलाई येशूले गर्नुभएको सम्बोधन अचम्म लाग्दो होला, तर किन त्यसरी सम्बोधन गर्नुभयो भन्ने बुझ्नु जरूरी छ। हेर्नुहोस् गैर-यहूदीहरूसँगको मामिलामा येशूको व्यवहारका दुई कथाहरू: लूका ८:२६-३९ "२६ उहाँहरू गेरासेनसको प्रदेशमा आइपुग्नुभयो, जो गालीलको पारिपट्टि छ। २७ जब उहाँ पाखामा उत्रनुभयो तब उहाँले सहरको एक जना मानिस भेट्नुभयो, जसलाई भूत लागेको थियो। त्यसले धेरै समयदेखि लुगा लाउँदैनथियो, र घरमा नबसी त्यो चिहानहरू हुँदो बस्दथ्यो। २८ त्यसले

येशूलाई देख्यो, र चिच्च्याएर उहाँको सामु घोप्टो परी उच्च सोरले भन्यो, “हे सर्वोच्च परमेश्‍वरका पुत्र येशू, तपाईंको मसँग के काम? बिन्ती गर्दछु, मलाई नसताउनुहोस्।” २९ किनभने उहाँले अशुद्ध आत्मालाई त्यस मानिसबाट निस्केर जाने आज्ञा दिनुभएको थियो। त्यसलाई धेरै पल्ट भूतले पक्रेको थियो। त्यो पहरामा राखिएको थियो। त्यो साङ्ला र नेलले बाँधिन्थ्यो, तर त्यसले ती बन्धन छिनालिहाल्थ्यो। अनि भूतले त्यसलाई मरुभूमि हुँदो लैजान्थ्यो। ३० येशूले त्यसलाई सोध्नुभयो, “तेरो नाउँ के हो?”

त्यसले भन्यो, “फौज।” किनभने धेरै भूतहरू त्यसमा पसेका थिए। ३१ तिनीहरूलाई अतल-कुण्डमा नपठाऊन् भनी तिनीहरूले उहाँलाई बिन्ती गरे। ३२ नजिकको डाँड़ामा सुँगुरको एक ठूलो बथान चरिरहेको थियो। तब तिनीहरूले सुँगुरभित्र पस्न दिनुहोस् भनी उहाँलाई बिन्ती गरे, र उहाँले मन्जूर गर्नुभयो। ३३ अनि भूतहरू त्यस मानिसबाट निस्केर ती सुँगुरहरूभित्र पसे, र त्यो बथान भिरालो पाखाबाट हुर्रिदैं गएर तल तालमा खसे, र डुबेर मरे। ३४ अब जे भएको थियो त्यो देखेर सुँगुर चराउनेहरू भागे, र गएर सहर र गाउँ हुँदो यो कुरो बताइदिए। ३५ अनि जे भएको थियो त्यो हेर्नलाई मानिसहरू येशूकहाँ आए, र जुन मानिसबाट भूतहरू निस्केका थिए, त्यसलाई लुगा लाएर सद्दे मनको भई येशूका चरणमा बसिरहेको भेट्टाए, र तिनीहरू भयभीत भए। ३६ देख्नेहरूले भूत लागेको मानिस कसरी निको भयो सो तिनीहरूलाई बताइदिए। ३७ गेरासेनसको आसपासका सबै गाउँका मानिसहरूले येशूलाई तिनीहरूका गाउँबाट गइहाल्नुहोस् भनी बिन्ती गरे, किनभने तिनीहरू ज्यादै भयभीत भएका थिए। यसकारण उहाँ डुङ्गामा चढ़ेर फर्कनुभयो। ३८ तर जुन मानिसबाट भूतहरू निस्केका थिए, त्यसले ‘उहाँको साथमा जान पाऊँ’ भनी उहाँलाई बिन्ती गर्न लाग्यो। तर येशूले त्यसलाई यसो भनेर बिदा दिनुभयो, ३९ “तिमी आफ्नो घर फर्क, र परमेश्‍वरले तिम्रो निम्ति कति ठूलो काम गर्नुभयो, सो घोषणा गर।” तब त्यो गयो, र येशूले त्यसको निम्ति कति ठूलो काम गर्नुभएको थियो, सो सारा सहरभरि प्रचार गर्न लाग्यो।" र मत्ती १५:२१-२८ " २१ तब येशू त्यहाँबाट निस्कनुभयो, र टुरोस र सीदोनका इलाकातिर जानुभयो। २२ त्यस इलाकाबाट एउटी कनानी स्त्री आएर कराउँदै भन्न लागी, “हे

प्रभु, दाऊदका पुत्र, ममाथि दया गर्नुहोस्। मेरी छोरीलाई भूतले साह्रै सताएको छ।" २३ येशूले त्यसलाई केही जवाफ दिनुभएन। उहाँका चेलाहरूले आएर उहाँलाई बिन्ती गरे, "यसलाई बिदा गर्नुहोस्, किनभने त्यो कराउँदै हाम्रो पछि लागिरहिछे।" २४ उहाँले भन्नुभयो, "म इस्राएल जातिका हराएका भेड़ाहरूका निम्ति मात्र पठाइएको हुँ।"

२५ तर त्यो स्त्री आएर उहाँको अघि घोप्टो परी र भनी, "हे प्रभु, मलाई सहायता गर्नुहोस्।" २६ उहाँले भन्नुभयो, "बालकहरूको रोटी लिएर कुकुरहरूलाई फालिदिनु ठीक हुँदैन।" २७ त्यसले भनी, "हो प्रभु, तर कुकुरहरूले पनि त आफ्ना मालिकको टेबिलबाट झरेका टुक्राटाक्री खान्छन्।"

२८ तब येशूले त्यसलाई जवाफ दिनुभयो, "ए नारी, तिम्रो विश्वास ठूलो रहेछ। तिमीले इच्छा गरेबमोजिम तिमीलाई होस्।" त्यसकी छोरी त्यही घड़ी निको भइहाली।"

गेडरिन इलाका पहिला ग्रीस अर्थात् युनान देशको नियन्त्रणमा थियो। तर पछि आएर यहूदियामा भएको रोमीहरूले त्यसलाई कब्जा गरेको थियो। चिहानमा चहारीरहेको मानिस दुष्ट आत्माले सताएको स्पष्ट थियो। त्यस मानिसमा भएको सैतानका आत्माहरूले उसलाई नराम्रोसँग सताइरहेको थियो। त्यस मानिसलाई परमेश्वरको सहायता अत्यन्त आवश्यक थियो, र उसले पायो पनि।

यहूदी जातभन्दा बाहिरका जाति वा अन्यजातिको इलाकामा रहेको त्यस मानिसका दुष्ट आत्माहरू अचम्म तरिकाले येशूले हटाउनुभएको सही थियो। ती जातिले यहूदीले अशुद्ध मानेका सुङ्गुर वा वङ्गुरहरू पालेको थियो। जब तिनीहरूको बङ्गुर खोलामा खसेर मरे तब त्यस इलाकाका मानिसहरू येशूदेखि अत्यन्त रिसाएका थिए किनकि तिनीहरूको आर्थिक लाभमा उहाँले ठूलो चोट पुऱ्याउनुभएको थियो। एक फेरा आतङ्क मचाउने मानिस येशूलेगर्दा सद्दे भएपनि ती व्यापारीहरूको निम्ति मानिस भन्दा बङ्गुर प्यारो थियो। त्यसकारण रिसले चुर भएर तिनीहरूले येशूलाई आफ्नो इलाका छोडेर जान कर गरे। क्रुद्ध गाउँलेहरू र येशूको बीचमा शिर झुकाएर बसेको सद्दे मानिसले येशूसँगै आफू आउन चाहेको इच्छा व्यक्त गरे। तर येशूले उनलाई आफ्नै गाउँमा फर्केर जान अऱ्हाउनुभयो। येशूले उसलाई के

गर्नुभयो आफ्ना परिवार तथा त्यहाँका मानिसहरूलाई सुनाउन उहाँले अऱ्हाउनुभयो। कयौं वर्षसम्म जङ्गली जीवन बिताएको त्यस मानिस अब परिवर्तन भएको कुरा अरूलाई सुनाउँदा आफू पनि संतुष्ट हुने अवसर उसले पाएको थियो। उसले सुनाउनुभन्दा पनि दुष्ट आत्माहरूबाट राहत पाएर परिवर्तित जीवनशैली देखाउन सक्नु नै त्यस इलाकाका मानिसहरूको निम्ति ऊ साक्षीको धरोहर बन्न पुगेका थिए। पछि जब येशू फेरि फर्केर त्यस इलाकामा जानुभएको थियो, त्यस मानिसको गवाहीले गर्दा उहाँलाई भेट्न सारा गाउँ नै उल्टर आएको थियो।

अर्को कथामा टायर र सिडोनको इलाकामा रहेको एक जना बालकलाई दुष्ट आत्माले सताएर आतङ्कित बनाएको थियो (मत्ती १५:२२)। उसको आमा मूर्तीपूजक इलाका कनानकी थिइ। कनान इलाका विभिन्न संस्कृतिहरूको थलो थियो भनेर त्यस स्त्री ज्वलन्त उदाहरण बनेको पाइन्छ। उनका कनानी पूर्खाहरूलाई तिनीहरूको इलाकाबाट इस्राएलीहरूले त्यस इलाकालाई कब्जा गर्न यहोशुको नेतृत्वमा धपाएका थिए। यहूदी जात वा बंशका मानिसहरू भन्दा बाहिरका मानिसहरूकहाँ येशू पुग्नुभएको हामी पाउँछौं।

आफ्नो छोरोलाई निको पार्न अनुनय विन्ति गर्ने आमालाई येशूले केही हदसम्म रुखो तथा चित्त दुख्ने जवाफ दिनुभएको थियो। उनका मानिसहरूलाई येशूले कुकुरहरूसँग तुलना गर्नुभएको थियो। तर उहाँको वचनले उनको विश्वासको जाँच गरिएको थियो। उनी र उनका जातका मानिसहरूप्रति येशूको जुनसुकै धारणा भएतापनि उनलाई आवश्यक परेको सहायता लिन जतिसुकै तल झुक्न पनि उनी तयार भएकी थिइ।

"आफूमा भएको त्यस स्त्रीको विश्वासलाई जाँच गर्दा येशू संतुष्ट हुनुभएको थियो। उनी इस्राएलबाट तिरस्कृत जाति भएतापनि उनी अब बिदेशी रहेन तर परमेश्वरको परिवारको दायरामा उनी पर्न गएकी छिन् भनेर येशूको व्यवहारले देखाउनुभएको थियो। उनी परमेश्वरको बालिका भएकोले पिताको बरदानको उपभोग गर्ने उनको अधिकार थियो। उनको मनोरथलाई येशूले पूरा गरिदिनुहुन्छ। आफ्ना चेलाहरूलाई आफू कसको लागि पनि हो भन्ने पाठ उहाँले

सिकाउनुभएको थियो।"-एलेन जी ह्वाइट, *द डिजाएर अब एजेज,* पृ. ४०१बाट रूपान्तरित।

परमपिता परमेश्वरको प्रेमको शुभसन्देश यहूदी जातिको पेवा होइन तर सारा विश्वका मानिसहरूको निम्ति हो भनेर येशूले प्रतक्ष्यरूपमा देखाउनुभएको पाठ सबैको निम्ति स्मरणीय वा सबैले सम्झिरहनुपर्छ।

## ४. कुष्ट रोगले ग्रष्त भएका दश बिरामीहरू (लूका १७:११-१९)

**परमेश्वरलाई हामीहरूको राष्ट्रियता र जन्मस्थलको सरोकार छैन भनेर लूका १७:११-१९मा घटेको विवरणले कसरी देखाउँछ, हेर्नुहोस्? "११ येशू यरूशलेमतिर जाँदैहुनुहुन्थ्यो। यस यात्रामा उहाँ सामरिया र गालीलको सिमाना भएर जानुभयो। १२ उहाँ एउटा गाउँमा पस्नुहुँदा दश जना कुष्ठरोगीसँग उहाँको भेट भयो। टाढ़ै उभिएर तिनीहरूले १३ चर्को सोरले भने, "हे येशू गुरुज्यू, हामीमाथि कृपा गर्नुहोस्।" १४ उहाँले तिनीहरूलाई देखेर भन्नुभयो, "जाओ, गएर पूजाहारीकहाँ आफैलाई देखाओ।" तिनीहरू जाँदाजाँदै निको भइहाले। १५ तिनीहरूमध्ये एक जनाले आफू निको भएको देख्यो, र उच्च सोरले परमेश्वरको महिमा गर्दै त्यो फर्क्यो, १६ र येशूलाई धन्यवाद दिएर त्यो येशूका पाउमा घोप्टो पऱ्यो। त्यो एक सामरी थियो। १७ येशूले भन्नुभयो, "के निको भएका दश जना होइनन् र? अरू नौ जना कहाँ छन्? १८ के यो विदेशीबाहेक फर्किआएर परमेश्वरको प्रशंसा गर्ने अरू कोही भएन?" १९ अनि उहाँले त्यसलाई भन्नुभयो, "उठ, र आफ्नो बाटो लाग। तिम्रो विश्वासले तिमीलाई निको पारेको छ।"**

ती सबै अभागी कुष्टरोगीहरूलाई येशूको बारेमा राम्रोसँग जानकारी थियो। उहाँको दर्जा र नाउँ नै काढेर तिनीहरूले उहाँलाई सम्बोधन गरेका थिए। तिनीहरूले उहाँसँग सहायता मागे। यो पनि चासोको विषय हो कि येशूले तत्कालै तिनीहरूलाई निको पार्नुभएन। पुजारीकहाँ गएर आफूहरूलाई देखाउनु भनेर येशूले तिनीहरूलाई अऱ्हाउनुभएको थियो। लेबी १४:२ अनुसार कोही कुष्ठ रोगी निकोभएको छ भनेर प्रमाणित गर्न पुजारीको स्विकृति चाहिन्थ्यो। येशूले भन्नेबित्तिकै तिनीहरू फनक्क फर्केर पुजारीकहाँ जान लम्केको अर्थ

तिनीहरूले येशू र उहाँको स्वस्थ बनाउने शक्तिमा विश्वास भएको प्रकट गर्दछ।

तर यहूदीबाट तिरस्कृत केवल विदेशी सामरी मात्र येशूप्रति आभारित भएर उहाँलाई धन्यवाद दिन आएको थियो। अरू नौ जना पुजारीकहाँ जान त बिर्सेनन् तर तिनीहरूलाई निको पार्नुहुने येशूलाई धन्यवाद दिन आउन बिर्से। अचम्मको कुरो त यो छ, त्यस सामरी रोगी पुजारीहरूकहाँ जानुभन्दा पहिले नै येशूकहाँ फर्केर आएको थियो। हुन त बाइबलले अरू नौ जना यहूदी थिए कि थिएन भन्दैन। तर जुन ठाउँमा घट्ना भयो त्यस ठाउँ अनुसार अरू नौ जना यहूदी थिए भनेर बताउँछ। त्यसमा पनि कृतज्ञ भएर आफूलाई धन्यवाद दिन आउने मानिस सामरी र विदेशी भनेर सम्बोधन गर्दा अरू नौ जना यहूदी नै थिए भनेर पुष्टि गर्दछ। यहूदी र सामरीको बीचमा कारोबार हुँदैनथ्यो। तर तिनीहरूमा भएको रोगले तिनीहरूको बीचमा भएको पर्खाल भत्केको थियो। (रोगको सामु सबै मानिस बराबर हुन्छ)। अफ्रिकाको निम्ति अस्ट्रियाको प्रख्यात प्रचारक तथा डाक्टर अलबर्ट स्वाइटजरले भनेका थिए "दुर्घट्ना, रोग र व्याधीहरू कष्टहरूको सतसङ्ग हो।" दुःखकष्ट र रोगले प्रायजसो भौगोलिक पर्खाल वा सिमाना भत्काइ दिन्छ। ती कोरीहरूको साझा आवश्यकता जुन् सफा हुनु, निको हुनु र उद्धार पाउनु थियो, त्यसले गर्दा तिनीहरू एक भएर येशूकहाँ आएका थिए।

फेरी, येशूको सेवाकार्यको तत्काल लक्ष्य भनेको सामरी र बिदेशीहरूकहाँ आफू जान आउनुभएको थिए। "इस्राएलका हराएका भेँडाहरूकहाँमात्र मलाई पठाइएको हो" भन्ने उहाँको वक्तव्यले त्यसको पुष्टि गर्दछ (मत्ती १५:२४ रूपान्तरित)। सुसमाचार सुनाउन पहिलो बलियो आधारकिल्लाको स्थापना यहूदीहरूको माझमा स्थापना गर्ने उहाँको योजना थियो। उहाँकै अनुसरण गरेर चेलाहरूले इस्राएलबाट सारा संसारमा सुसमाचार सुनाउन जानुपर्ने प्रमाण त्यसले देखाउँछ। तर येशूको पुनरुत्थानपछि मात्र चेलाहरूको निम्ति सो कुरा स्पष्ट भयो। पुनरुत्थान हुनुभन्दा अघि नै चेलाहरूको मूल काम भनेको सारा संसारमा सुसमाचार फैलाउनु हो भनेर थाहा दिन येशूले तिनीहरूको दिमाग खोल्न खोज्नुभएको थियो।

कुष्ट रोग लागेका दशै जनाले येशूप्रति आफ्नो विश्वास जनाएका थिए। तर रोगबाट निको हुँदा केवल एक जनामात्र फर्केर आएर येशूलाई धन्यवाद दियो। परमेश्वरको प्रशंसा गर्नु र आभारित हुनु विश्वासको उल्लेखनीय पक्ष हुन् भनेर त्यसले कसरी बताउँछ? के के कुरामा तपाईं धन्यवादी हुनुपर्छ? कृतज्ञ दिल हुनुपर्छ भन्ने नीति तपाईंको भए तपाईं कतिको खुशी भइरहनुसक्नुहुन्छ, सो सोच्नुहोस्। तपाईंलाई परमेश्वरले दिनुभएको वा गर्नुभएको कुरालाई उहाँलाई धन्यवाद दिने आदत भएको भए तपाईंको निम्ति कतिको भलाइ हुनेछ सो पनि सोच्नुहोस्।

## ५. ग्रीक अर्थात् पश्चिमी मूलका विदेशी र येशू (यूहन्ना १२:२०-२३)

यूहन्ना १२:२०-२३को मार्मिक घट्नाले जतातत्तै मुक्ति र आशाको निम्ति मानिसहरूको हृदयले चित्कार गरिरहेको हुन्छ भनेर प्रकट पार्छ। साथै अर्थमूलक जीवनका प्रश्नहरूको जवाफ येशूमा मात्र निहित भएको छ भनेर त्यस घट्नाले बताउँछ। हेर्नुहोस्: "२० चाड़मा आराधना गर्न जानेहरूमध्ये कोही-कोही ग्रीकहरू पनि थिए। २१ तिनीहरू गालीलको बेथसेदा निवासी फिलिपकहाँ आएर यसो भनेर बिन्ती गरे, "हजूर, हामी येशूलाई भेट्न चाहन्छौ।" २२ फिलिपले गएर अन्द्रियासलाई भने, र अन्द्रियास र फिलिप गएर येशूलाई भने।
२३ येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "मानिसको पुत्रको महिमित हुने समय आइपुगेको छ।"

ग्रीक वा युनानीहरू अन्य जाति थिए जो यहूदी धर्ममा अङ्गालेका थिए किनभने तिनीहरू चाड मनाउन यरुशलेममा आएका थिए । ती ग्रीकहरू फिलिपकहाँ जानुको कारण उनको नाउँ ग्रीक जातिको नाउँ भएकोले तिनीहरू सजिलो मानेर गएका थिए भनेर बाइबलका चिन्तकहरूले बताउँछन्। उनकै नाउँकै कारण ती अपरिचित ग्रीकहरू उनीप्रति आकर्षित भएको हुनुपर्छ (येशूलाई विश्वास गर्‍यो भन्दैमा नाउँ बदल्नु पर्छ भनेर यसले पुष्ट्याइँ गरेको जस्तो लाग्छ-अनुवादकको जिज्ञासा)। ख्रीष्टको निम्ति काम गर्न अग्रसर हुनुमा ती बिदेशी मानिसहरू पर्न सक्छन् जो अरूको संस्कार वा संस्कृतिप्रति संवेदनशील

हुन्छन्। तर मानिसहरूको बीचमा कामको थालनी गर्न एउटै पृष्ठभूमि भएका मानिसहरूद्वारा सबभन्दा प्रभावकारी हुनसक्छ।

यहूदी जाति भन्दा बाहिरका अर्थात् विदेशीहरू येशूकहाँ आउन चाहेको उक्त विवरणले बताउँछ। मृत्युबाट छुट्कारा हुन संसार तयार भएको त्यसले बताउँछ। ती ग्रीकहरू संसारका विभिन्न राष्ट्रहरू, जाति र मानिसहरूको प्रतिनितिधत्व गर्दछ। तिनीहरू येशूप्रति आकर्षित भएका थिए। छिट्टै नै मुक्तिदाताको क्रुसको मृत्युले तत्काल र पछिका ऐतिहासिक युगहरूका सारा राष्ट्रका मानिसहरूलाई खिँच्नेछ। विदेशीहरूले येशूलाई भेट्ने चाहनाले सुसमाचारलाई ग्रहण गर्न संसार तयार छ भनेर चेलाहरूले थाहा पाएका थिए।

**आफ्नो जीवन सुरक्षित राख्न जीवनलाई त्यागनुपर्छ भनेर येशूले यूहन्ना १२:२४-३२मा भनेको अर्थ के हो? कुन् परिवेशमा उहाँले भन्नुभएको थियो? उहाँले जे भन्नुभयो सो के तपाईंले अनुभव गर्नुभएको छ? हेर्नुहोस् "२४ साँच्चै, म तिमीहरूलाई भन्दछु, गहूँको दाना माटोमा परेर मरेन भने त्यो एउटै रहन्छ। तर त्यो मर्‍यो भने त्यसले धेरै फल फलाउँछ। २५ आफ्नो प्राणको मोह गर्नेले त्यो गुमाउँछ, तर आफ्नो प्राणलाई यस संसारमा तुच्छ ठान्नेले चाहिँ अनन्त जीवनको लागि त्यो सुरक्षित राख्छ। २६ कसैले मेरो सेवा गर्छ भने त्यसले मलाई पछ्याओस् र म जहाँ छु, मेरो सेवक पनि त्यहाँ हुनेछ। कसैले मेरो सेवा गर्छ भने पिताले त्यसको कदर गर्नुहुनेछ। २७ "अब मेरो प्राण व्याकुल भएको छ, र म के भनूँ? 'हे पिता, मलाई यस घड़ीबाट बचाउनुहोस्'? होइन, यसै कारणले नै म यस घड़ीसम्म आइपुगेको छु। २८ हे पिता, तपाईंका नाउँको महिमा गर्नुहोस्।" तब स्वर्गबाट यस्तो एउटा आवाज आयो, "मैले त्यो महिमा गरेको छु, र फेरि गर्नेछु।" २९ त्यहाँ खड़ा भएको भीड़ले यो सुनेर भन्यो, "यो मेघ गर्जन हो!" अरूहरूले भने, "स्वर्गदूत उनीसँग बोलेका हुन्!" ३० येशूले जवाफ दिनुभयो, "यो आवाज मेरो निम्ति भएको होइन, तर तिमीहरूका निम्ति हो। ३१ अब यस संसारको न्याय हुन्छ। यस संसारको शासक बाहिर फालिनेछ। ३२ अनि जब म पृथ्वीबाट उचालिन्छु, म सबै मानिसलाई आफूतिर खिँच्नेछु।" ३३ उहाँको मृत्यु कुन प्रकारले हुने हो, सो सङ्केत दिनलाई उहाँले यसो भन्नुभएको थियो।"**

**उपसंहारः**

**थप जानकारीः** "म तिमीहरूलाई भन्दछु, धेरै मानिसहरू पूर्व पश्चिमबाट आउनेछन्। स्वर्गको राज्यमा हुने महाभोजमा तिनीहरू आआफ्ना ठाउँहरूमा बस्नेछन्। तिनीहरू अब्राहम, इसाहक र याकूबसँग बस्नेछन्। तर जो मानिसहरू आफू परमेश्वरको राज्यमा पस्न सक्छु भनेर ढुक्क हुन्छन् तिनीहरूलाई बाहिर फ्याँकिनेछन्, तिनीहरूलाई घोर अन्धकारमा फ्याँकिनेछन्। त्यहाँ तिनीहरूले कोलाहल गर्नेछन् र तिनीहरूले दा्हा किट्नेछन्"" (मत्ती ८:११,१२ रूपान्तरित)। येशूले ती शब्दहरू निश्चित परिवेशमा केही मानिसहरूको बारेमा बोल्नुभएको थियो। तर ती बोलीमा व्यक्त गरेका मर्मलाई बुझ्न हामीले चुक्नुहुन्न। आत्मिक सत्य ज्ञान बुझ्ने ठूलो अधिकार पाएका मानिसहरू धेरै होशियार हुनुपर्छ। हामीले पाएका अनगिन्ति सत्यहरूको बारेमा अल्छि मानेर केही नगर्ने बस्न सजिलो हुनसक्छ। हामीलाई थाहा छ हामीलाई अनगिन्ति सत्य आत्मिक ज्ञानहरू दिइएका छन् जुन अरूले सिकाइरहेका पनि छैनन् र प्रचार गरिरहेका पनि छैनन्। प्रथमतः हामीले पाएका ज्ञानहरूको बारेमा हामी आफै स्पष्ट हुनुपर्छ। अनि दोस्रोमा ती ज्ञानहरू थाहा नपाउनेहरूलाई सिकाउन हामी इच्छुक हुनुपर्छ।

**चिन्तनमननः**

अ. मुक्ति भनेको कुनै जात वा राष्ट्रको पेवा होइन तर संसारका सबै मानिसहरूको निम्ति हो भनेर हामीलाई क्रुसबाट सिकाइएको छ। "सबै मानिसहरूले पाप गरेका छन्" भन्नुको अर्थ परमेश्वरको सामु हामी सबै जना पापी छौं। अनि हामी सबैलाई मुक्तिको निम्ति परमेश्वरको अनुग्रह, सदाशयता, क्षमाशीलता र करुणाको आवश्यकता पर्छ। तर कतिपय समूह वा जातिहरूले अरू भन्दा आफूहरू उच्च भएको महसुस गर्दछन्। विश्वको इतिहासभरी र विश्वव्यापी रूपमै त्यस भावनाले मानिसहरूलाई पिरोलेको पाइन्छ। तपाईंको आफ्नै सामाजिक, आर्थिक वा संस्कृतिक

स्तरले गर्दा तपाईंले आफूलाई के ठानीरहनुभएको छ? तपाईं भन्दा भिन्न भएको मानिसको बारेमा सोच्दा ऊभन्दा आफू असल भएको के तपाईंले सोचिरहनुभएको छ? त्यस खालको मनस्थिति किन गलत छ? र क्रुसको छहारीमा आएर त्यस्ता भावनाहरूबाट तपाईं कसरी मुक्त हुन सिक्नुहुन्छ?

आ. इनारमा पानी लिन आएकी संदिग्न महिलाले अत्यन्त जोशिलो भएर आफ्नो गाग्री त्यही इनारमा छोडेर आफ्ना मानिसहरूलाई येशूको बारेमा सुनाएकी थिइन्। जुनसुकै संस्कारलाई पनि प्रयोग गरेर सुसमाचार प्रचार गर्न हामी राजी हुनुपर्छ भनेर त्यस वृतान्तले हामीलाई कसरी सिकाउँछ?

इ. इस्राएल देश भन्दा बाहिरका बिदेशी ग्रीकहरूले येशूलाई भेट्न आग्रह गरेका थिए। निःसन्देह उहाँको बारेमा तिनीहरूले सुनेका होलान् र उहाँले गर्नुभएको कामलाई देखेका पनि होलान्। तर अहिले येशू स्वर्गमा हुनुहुन्छ। र उहाँका उपासकहरूले यस संसारमा चर्च भएर प्रतिनिधित्व गरिरहेका छन्। त्यसलाई मध्य नजरमा राख्दा हामीहरूको जीवनशैली र हामीहरूले दिने गवाहीलाई कुन् अर्थमा लिन्छौं?